कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०७८/०७९(प्रशासन)

च.नं. :-

**सेवा करारमा पदपूर्ती सम्बन्धी सूचना ।।।**

(सूचना प्रकाशन मिति २०७८/१२/०८)

यस नगरपालिकाको रोजगार सेवा केन्द्रका लागि रोजगार संयोजक (अधिकृतस्तर छैठौ तह) पदमा पदपूर्ति गर्नुपर्ने भएकाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको **रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदण्ड, २०७६** अनुसार पदपूर्ति हुने गरी तपसिलमा उल्लेखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुवाट आवेदन आवह्वान गरिएको छ । सूचना प्रकाशित मितिले १५(पन्ध्र) दिन भित्र रितपूर्वक आवेदन भरि पेश गर्नुहुन सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपशिल**

| वि.नं. | पद | तह | सेवा | संख्या |
|---|---|---|---|---|
| १/२०७८-०७९ | रोजगार संयोजक | अधिकृतस्तर छैठौ तह | करार | १ (एक) जना |

१. आवश्यक न्यूनतम शैक्षिक योग्यता:- मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा स्नातक वा सो सरह उतिर्ण गरेको ।

२. उमेर हदः २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको ।

३. आवश्यक कागजातहरु:- (क) नागरिकता प्रमाणपत्रको प्रतिलिपि (ख) न्युनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र र चारित्रिक प्रमाणपत्र (ग) २ प्रति पासपोर्ट साइजको फोटो (घ) रोजगार संयोजक पदमा काम गरेको संस्थाबाट अनुभव खुल्ने प्रमाणित कागजात ङ) उम्मेद्वारको स्थायी ठेगाना खुल्ने पञ्जिकृत प्रमाण ।

४. आवेदन शुल्क:- रु.१,०००।- (एक हजार) मात्र

५. आवेदन गर्ने मिति:- मिति २०७८/१२/२२ गते कार्यालय समय सम्म ।

६. सेवा सुविधा:- नेपाल सरकारले स्थानीय तहको छैठौ तहका कर्मचारीका लागि तोकि दिएको तलब सुविधा र नियमानुसार पाउने भत्ता उपलब्ध हुनेछ ।

७. छनौटको किसिम:- रोजगार संयोजकको पदपूर्ति र सेवा सुबिधा सम्बन्धी मापदण्ड २०७६ बमोजिम (प्रारम्भिक सूचिकरण, सेवा सम्बन्धी लिखित परिक्षा र कम्प्यूटर प्रयोगात्मक परिक्षा)

८. सम्पर्क मिति:- २०७८/१२/२४ गते।

९. काम गर्नुपर्ने स्थानः कोहलपुर नगरपालिका, रोजगार सेवा केन्द्र।

२०७८/१२/०८

.....................

(टिकाराम ढकाल)

प्रमुख प्रशासकीय अधिकृत

ई-मेल:- info@kohalpurmun.gov.np

kohalpurmun@gmail.com